नेपाल सरकार
# चिकित्सा शिक्षा आयोग
(परीक्षा निर्देशनालय)

☎ ०१-६६३९४१४, ६६३९४१५, ६६३९४१६
एक्स्टेन्सन : ६३३, ६३४, ६३५
वेबसाइट : www.mec.gov.np
इमेल: entrance@mec.gov.np
सानोठिमी, भक्तपुर ।

पत्र संख्या :-
चलानी नं. :-

नेपाल सरकार
चिकित्सा शिक्षा आयोग
सानोठिमी, भक्तपुर

मिति :- २०८०/०८/१४

## चिकित्सा शिक्षा स्नातक तह (MECEE-BL 2024) को छात्रवृत्तितर्फ सम्पूर्ण समूहको म्याचिङसम्बन्धी सूचना

मिति २०८०/०७/१८ गतेदेखि २२ गतेसम्म सञ्चालन भएको चिकित्सा शिक्षा स्नातक तह (MECEE-BL 2024) का विभिन्न शैक्षिक कार्यक्रमहरूको एकीकृत प्रवेश परीक्षाको मिति २०८०/०७/२३ गतेदेखि २५ गतेसम्म प्रकाशित नतिजाको योग्यताक्रम र आरक्षण समूहहरूको योग्यताक्रममा रहेका उम्मेदवारहरूले आयोगको मिति २०८०/०८/०७ को सूचनावमोजिम शिक्षण संस्था र शैक्षिक कार्यक्रम छनौट गरी स्वयंले गरेको अनलाइन प्राथमिकताक्रम निर्धारणको आधारमा छात्रवृत्तितर्फको म्याचिङ तथा भर्ना तपसिल वमोजिम हुने व्यहोरा सम्वन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**क. छात्रवृत्तितर्फको म्याचिङ, भर्नासूची तथा भर्नासम्बन्धी व्यवस्था र कार्यतालिका**

१. उम्मेदवारको योग्यताक्रम, अनलाइन प्राथमिकताक्रम निर्धारण गरेका शिक्षण संस्था र कार्यक्रम एवम् उपलब्ध सिट सङ्ख्या वमोजिम कम्प्युटर प्रणालीमा आधारित म्याचिङ गरी पहिलो भर्नासूची प्रकाशन गरिनेछ ।

२. भर्नासूचीमा परेका उम्मेदवारले यसै सूचनामा तोकिएको समयावधिभित्र सम्वन्धित विश्वविद्यालय वा प्रतिष्ठानमा भर्ना गर्नुपर्नेछ ।

३. छात्रवृत्तिको भर्नासूचीको भर्ना समय समाप्तभएपछि रिक्त रहेका सिटहरूमा भर्नासूचीमा परी वा नपरी भर्ना नभएका पहिलो म्याचिङ सूचीको अन्तिम योग्यताक्रमसम्मका उम्मेदवारहरूमध्येवाट पहिले छनौट गरेका प्राथमिकताक्रमहरूको आधारमा माथिल्लो प्राथमिकताक्रमको शिक्षण संस्था र शैक्षिक कार्यक्रममा पुनः अवसर दिई म्याचिङ गरी पुनः भर्नासूची प्रकाशित गरिनेछ । यसरी पुनः म्याचिङ (re-matching) अवसर दिंदा सम्बन्धित उम्मेदवारले पहिलो भर्नासूचीमा छोडेको प्राथमिकताक्रम भन्दा माथिल्लो प्राथमिकताक्रममा सिट रिक्त भएमा मात्रै म्याचिङ गरिनेछ ।

४. छात्रवृत्तितर्फको दोस्रो चरणको म्याचिङ गर्दा पहिला नै अनलाइन प्राथमिकताक्रम निर्धारण गरेका, वैदेशिक अध्ययन अनुमतिपत्र नलिएका र कुनै पनि भर्नासूचीमा नपरेका बाँकी उम्मेदवारहरूमध्येबाट पहिलो चरणकै प्रक्रिया अवलम्बन गरी म्याचिङ गरिनेछ ।

नेपाल सरकार

# चिकित्सा शिक्षा आयोग

## (परीक्षा निर्देशनालय)

☎ ०१-६६३९४१४, ६६३९४१५, ६६३९४१६
एक्स्टेन्सन : ६३३, ६३४, ६३५
वेबसाइट : www.mec.gov.np
इमेल: entrance@mec.gov.np
सानोठिमी, भक्तपुर ।

पत्र संख्या :-
चलानी नं. :-

५. म्याचिङको नतिजा उम्मेदवारले आफ्नो प्रोफाइलबाट पनि हेर्न सकिने गरी व्यवस्था मिलाइएको छ ।

६. छात्रवृत्तितर्फको म्याचिङ, भर्नासूची प्रकाशन तथा भर्नासम्वन्धी कार्यतालिका

| चरण | विवरण | मिति र समय |
|---|---|---|
| पहिलो | **First matching result** | २०८० मंसिर १८ |
| | First Admission OPEN | २०८० मंसिर १९, समय १०:०० वजेदेखि |
| | First Admission CLOSE | २०८० मंसिर २४, समय ४:०० वजेसम्म |
| | **First re-matching result** | २०८० मंसिर २७ |
| | Admission of first re-matching OPEN | २०८० मंसिर २८, समय १०:०० वजेदेखि |
| | Admission of first re-matching CLOSE | २०८० पुस १, समय ४:०० वजेसम्म |
| दोस्रो | **Second matching result** | २०८० पुस ६ |
| | Second admission OPEN | २०८० पुस ८, समय १०:०० वजेदेखि |
| | Second admission CLOSE | २०८० पुस १३, समय ३:०० वजेसम्म |
| | **Second re-matching result** | २०८० पुस १७ |
| | Admission of second re-matching OPEN | २०८० पुस १८, समय १०:०० वजेदेखि |
| | Admission of second re-matching CLOSE | २०८० पुस २०, समय ३:०० वजेसम्म |

७. सःशुल्कतर्फको म्याचिङ सम्वन्धी कार्यतालिका पछि प्रकाशन गरिनेछ ।

धनबहादुर श्रेष्ठ
उपसचिव